बैठक नं. २३

आज मिति २०८० साल श्रावण १० गते बुधबार यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, का.वा. अध्यक्ष वडा नं. २ | श्री दिल बहादुर महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, का.वा. अध्यक्ष वडा नं. ४ | श्री दिनेश चन्द्र दाहाल | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद बास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरुः | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ३ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ४ | उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |
| ५ | नगर प्रमुखको सचिवालय | श्री रविन नकर्मी | |
| ६ | क.अ. | श्री अकिल अमात्य | |
| ७. | स्वास्थ्य शाखा प्रमुख | श्री सन्तमान मानन्धर | |

<u>प्रस्तावहरु</u>

१) आ.व. २०८०/२०८१ को स्थानीय दररेट सम्वन्धमा।

२) ज्यालादारीमा कामदार/सल्लाहाकार व्यबस्थापन गर्ने सम्बन्धमा।

३) उपचार खर्च सम्बन्धमा।

४) मृतक जनप्रतिनिधिका परिवारलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

५) वेतलवी असाधारण विदा सम्बन्धमा।

६) भाषा शिक्षकहरुको करार म्याद थप सम्बन्धमा ।

७) अ.ल्या. योजना सम्बन्धमा ।

८) कीर्तिपुर अस्पतालबाट ५०% छुटमा उपचार सेवा लिने सम्बन्धमा ।

९) विविध ।

निर्णय नं . १

कीर्तिपुर नगरपालिकाको आ.व. २०८०/२०८१ का लागि ज्यालादर तथा दररेट काठमाडौं जिल्लाको ज्यालादर तथा निर्माण सामाग्रीहरुको स्वीकृत जिल्ला दररेट बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं . २

यस नगरपालिकाबाट प्रवाह हुने सेवालाई अझ चुस्तदुरुस्त र प्रभावकारी बनाउन निम्नानुसारका जनशक्तिहरु मासिक ज्यालादारीमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

क) कानून सहायक चौथो तह

ख) सचिवालय सहायक ~~पाँचौं तह~~ चौथो तह

ग) पाले श्रेणी विहिन

निर्णय नं . ३

यस नगरपालिकाका नगर प्रमुख श्री राज कुमार नकर्मी र ना.सु. श्री दिपक महर्जनलाई बील भर्पाई बमोजिम उपलब्ध गराईएको उपचार खर्च रकम क्रमशः रु १३,००,०००।-(तेह्र लाख) र रु ६,००,०००।-(छ लाख) अनुमोदन गर्ने साथै कार्यपालिका सदस्य श्री बिमला थापा कार्की क्यान्सर रोग लागि उपचाररत रहनु भएकोले उहाँको स्वास्थ्यलाभको कामना सहित नगरपालिकाको तर्फबाट बील भर्पाई बमोजिम रु २९५,३९५।(दुईलाख पन्चानब्बे हजार तीन सय पन्चानब्वे रुपैया मात्र) उपचार खर्च उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं . ४

२०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट यस नगरपालिकामा निर्वाचित ४ नं. वडाका वडा अध्यक्ष स्व. श्री श्याम कुमार अधिकारी तथा कार्यपालिका सदस्य स्व. श्री श्याम दानकोटीको असमायिक निधन भएकोले स्व. श्री श्याम कुमार अधिकारीको हकमा विल भर्पाई बमोजिमको उपचार खर्च निजको परिवारलाई उपलब्ध गराउने र स्व. श्री श्याम दानकोटीको हकमा निजको परिवारलाई राहत स्वरुप प्रति परिवार रु.५,००,०००।- (अक्षेरुपी पाँच लाख मात्र) को आर्थिक सहयोग उपलब्ध गराउँने निर्णय गरियो ।

निर्णय नं . ५

यस नगरपालिका अन्तरगत बिष्णुदेवी अस्पतालमा कार्यरत सि.अ.मी (पाँचौ) श्री सुजिता श्रेष्ठको माग बमोजिम नियमानुसार छ महिना वेतलवी प्रसुती बिदा स्वीकृत गर्ने र कृषि सेवा शाखामा कार्यरत प्रा.स.(पाँचौ) श्री चन्द्र प्रकाश रोकायको माग वमोजिम अध्ययन असाधारण बिदाको पूर्व स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं ६.

कीर्तिपुर नगरपालिकाबाट नियुक्त भई करार सेवामा सामुदायिक विधालयहरुमा कार्यरत भाषा शिक्षकहरुको करार म्याद नगर शिक्षा समितिको सिफारिस बमोजिम २०८० पुष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिकाबाट संचालन भई अ.ल्या.(क्रमागत) भएका गत आ.व. का योजनाहरु २०८० आश्विन मसान्त भित्र सम्पन्न गरिसक्न र सो समय सम्ममा पनि सम्पन्न हुन नसकेमा कार्य सम्पन्न भए जति कामको मात्र प्राविधिक मुल्याङ्कन गरि भुक्तानी दिने र सो को जानकारी सरोकार पक्षलाई तत्काल उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं . ८

यस नगरपालिकाको आर्थिक सहयोगमा कीर्तिपुर अस्पतालबाट नगरवासीलाई ५०% सम्म छुटमा उपचार सेवा लिने कार्य हुँदै आएकोमा चालु आ.व. २०८०/२०८१ मा पनि निरन्तरता दिन नगर प्रमुखज्यूलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं . ९

यस नगरपालिकाबाट परिचालित १०६ जना महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यस्थल मिलानको अध्यावधिक नहुँदा कुनै स्वास्थ्य सँस्था र वडामा जनसक्ति अपूग भई सेवा प्रवाहमा समस्या देखिएकोले जनसँख्या, स्वास्थ्य सँस्था, सेवा प्रवाहको चाप र वडाको भूगोल समेतलाई मध्यनजर गर्दै सम्बन्धित वडाहरूसंग समन्वय गरी कार्यक्षेत्र मिलान गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं . १०

यस नगरपालिका अन्तरगत वडा नं. ४ मा दुईवटा स्वास्थ्य सँस्था रहेकोमा नेपाल सरकारले तोकेको एक वडा एक स्वास्थ्य चौकीको मापदण्ड बमोजिम बढी हुन गएको एउटा स्वास्थ्य चौकीलाई वडा नं. ८ मा स्थानान्तरण गर्ने र सो स्थानमा पाइरहेको स्वास्थ्य सेवामा असर नपर्ने गरी सहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरकार्यपालिका कार्यालयमा विभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्वन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | डेटोना विल्डर्स.प्रा.लि. | श्री ज्ञानेन्द्र ब. बिष्ट | ५ | कीर्तिपुर, पाँङ्गा बसपार्क | |